# प्राइम लाइफ

सुरक्षित भविष्य

# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

हात्तिसार, काठमाडौं

## आर्थिक बर्ष २०७५/०७६ को तेश्रो त्रैमासिक (चैत्र मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.स | विवरण | लेखा परीक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ११,१५२,०७२ | १०,५४७,५७९ | ७,६२७,३५६ |
| १.१ | चुक्ता पूंजी | १,७८४,८३५ | १,७८४,८३५ | ६१०,२०० |
| १.२ | जगेडा तथा कोष | १,११०,९७२ | ९७९,०३९ | ९४८,२१७ |
| १.३ | जीवन बीमा कोष | ८,१४७,६३६ | ७,६८९,७३५ | ५,९८४,०२७ |
| १.४ | महाबिपत्ती कोष जगेडा | १०८,६२९ | ९३,९७० | ८४,९१२ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग(२.१ देखि २.६ सम्म) | ११,१५२,०७२ | १०,५४७,५७९ | ७,६२७,३५६ |
| २.१ | स्थिर सम्पत्ती (खुद) | १११,५६५ | ११३,५१३ | ११९,२९८ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ७,९३१,८०३ | ७,७२७,०१२ | ४,२४३,०२० |
| २.३ | बीमालेखको धितोमा कर्जा | ७९२,३९१ | ७०४,३७९ | ५०६,३६३ |
| २.४ | खुद चालु सम्पत्ती (३ – ४) | २,३१६,३१३ | २,००२,६७५ | २,७५८,६७५ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | – | – | – |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ३,३६०,५३५ | २,९१९,६७७ | ३,७८४,८४३ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ६०,१२१ | ७९,१३७ | ४३,२३३ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २,३१६,९३७ | २,००५,९१२ | २,९९१,९५४ |
| ३.३ | अन्य सम्पति | ९८३,४७७ | ८३४,६२८ | ७४९,६५६ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | १,०४४,२२२ | ९१७,००२ | १,०२६,१६८ |
| ४.१ | चालु दायित्व | ३६०,९२१ | २४९,३१७ | ४१८,२१६ |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | ४५०,००० | ४५०,००० | ४७०,००० |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत ब्यवस्था | ११,३९८ | १५,७१० | १४,८४८ |
| ४.४ | अन्य व्यवस्था | २२१,९०३ | २०१,९७५ | १२३,१०४ |
| | **नाफा नोक्सान हिसाब** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | २६४,६७२ | १७०,१०२ | २१६,४४५ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ७३,७५८ | ४०,००५ | १२६,१०२ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १८३,८०३ | १२३,८८८ | ८३,३६५ |
| १.४ | व्यवस्था फिर्ता | ७,१११ | ६,२०९ | ६,९७८ |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म) | १००,९९१ | ७९,५७६ | ७३,२८७ |
| २.१ | व्यवस्थापन खर्च | ३५,६२७ | २३,२२१ | २६,६४७ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्चहरु | २६ | – | ६,०६२ |
| २.४ | नोक्सानीको लागी व्यवस्था | ४८,९७० | ४७,३०२ | २६,२६२ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | १६,३६८ | ९,०५३ | १४,३१६ |
| २.७ | समायोजित आयकर | – | – | – |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/(नोक्सान) (१–२) | १६३,६८१ | ९०,५२६ | १४३,१५८ |
| | **एकिकृत आय व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | २,९४८,४१७ | २,०९१,५१० | २,३७५,७८० |
| १.१ | बीमाशुल्क (खूद) | १,८७०,३५६ | १,२२२,८२४ | १,४५५,१४८ |
| १.२ | पुनर्बीमा कमिशन आय | – | – | – |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ५५६,५५० | ३६९,६४८ | ४३८,५७२ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ४९,५९७ | ३१,५३० | १२,७६५ |
| १.५ | अन्य प्रत्यक्ष आय | १४,२२१ | ९,८१५ | १०,७२३ |
| १.६ | यस बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ७,६९३ | ७,६९३ | ८,५७२ |
| १.७ | यस बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ४५०,००० | ४५०,००० | ४५०,००० |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १,२८९,४९१ | १,००२,५७० | १,०६५,९९० |
| २.१ | दावी भुक्तानी (खुद) | २७३,११६ | १७७,७८० | १८७,८०४ |
| २.२ | अभिकर्ता कमिशन | २१२,९६४ | १३६,२०९ | १३७,६८५ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | २,६६६ | १,६५३ | १,२७८ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १८,७०४ | १२,२२८ | १४,५५१ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | – | – | – |
| २.७ | व्यवस्थापन खर्च | ३२०,६४३ | २०८,९९० | २३९,८२४ |
| २.८ | आयकर | – | – | – |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ११,३९८ | १५,७१० | १४,८४८ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | ४५०,००० | ४५०,००० | ४७०,००० |
| ३ | वचत (१–२) | १,६५८,९२६ | १,०८८,९४० | १,३०९,७९० |
| ३.१ | जीवन बीमाकोषमा सारेको | १,५८५,१६६ | १,०४८,९३५ | १,१८३,६८८ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ७३,७५८ | ४०,००५ | १२६,१०२ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमा शुल्क आर्जन रकम (यस वर्ष) | १,९४२,६४८ | १,२८९,८५३ | १,५८६,६७६ |
| २ | कुल बीमा शुल्क आर्जन रकम (हाल सम्म) | १४,१३८,०१४ | १३,४८५,२१९ | ११,४०२,७१४ |
| ३ | कुल कायम रहेको बीमालेखको संख्या | ४९२,२८६ | ४८६,६२३ | ५५९,६५२ |
| ४ | कुल जारी बीमालेखको संख्या | १,६७३,१३० | १,६६६,८७६ | १,५८६,६४२ |
| ५ | घोषित मुनाफा (वोनस) को दर (प्रति हजार) | ३५–७५ | ३५–७५ | ३५–७५ |
| ६ | अन्तरिम मुनाफा (बोनस) को दर (प्रति हजार) | ३५–७५ | ३५–७५ | ३५–७५ |
| ७ | कुल दावी भुक्तानी रकम | ३४८,६३८ | २२७,८७० | २४८,१७५ |
| ८ | कुल दावी भुक्तानी संख्या | १,६५१ | १,०६० | ९१९ |
| ९ | भुक्तानी हुन बाँकी दावी रकम | १४,८३७ | १९,२८६ | १७,६९६ |
| १० | भुक्तानी हुन बाँकी दावी संख्या | ४० | ५५ | ५४ |

**द्रष्ट्रव्यः**

१. लेखापरीक्षण नभएका अंकहरु नियमन निकायको निर्देशन तथा लेखापरीक्षण पश्चात हेरफेर हुन सक्नेछन् ।

२. आ.व. २०७५/०७६ को सामान्य म्यादी जीवन बीमालेखको असमाप्त जोखिम बापत व्यवस्था समानुपातिक हिसावले राखिएको छ । बीमांकिय मूल्यांकन प्रतिवेदन प्राप्त भएपश्चात सोही बमोजिम हुनेछ ।

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०७५/०७६ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७५/७६ को तेश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी : | रु.१२.२३ | मूल्य आम्दानी अनुपात: | ३७.६२ |
| प्रति शेयर नेटवर्थ : | रु.१६८.३३ | प्रति शेयर कूल सम्पत्तीको मुल्य: | रु. ६८३.३३ |

**२. व्यवस्थापकिय विश्लेषण** :

नेपालमा जीवन बीमा व्यवसायको विकासका लागि जनमानससमा जीवन बीमा शिक्षा मार्फत बीमाको महत्व तथा आवश्यकता सम्बन्धमा जनचेतना जगाई जीवन बीमा गराउने परिपाटीको क्रमिक विस्तार गर्नका लागी नियामक निकाय एवं जीवन बीमा व्यवसाय गरिआएका जीवन बीमा कम्पनीहरुबाट भएका बीमा सम्बन्धि जागरुक अभियान हाल देशका धेरैजसो भुभागमा पुगेको महसुस भएको छ । यस कम्पनीले देशका विभिन्न स्थानमा कार्यालय सञ्जाल (शाखा/उपशाखा) स्थापना गरि जीवन बीमा सेवा दिई जनमानससमा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभुती दिलाउन कम्पनी हालसम्म सफल रहेको छ साथै यस्तो उपलब्धि नियमित गर्न कम्पनीको व्यवस्थापन निरन्तर प्रयत्नरत छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण** : नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण** :

शेयर बजारको अध्ययन र अनुसन्धान तथा कम्पनी विशेषको सञ्चालन लगायतका अवस्थाको आधारमा लगानी गर्ने परिपाटीको विकास भईरहेको हालको अवस्थामा शेयर बजारको उतारचढावको अवस्थालाई लगानीकर्ताहरुले सहि विश्लेषण गरि, सजगता अपनाई लगानी गर्नुहनेछ र देशको आर्थिक वातावरण निरन्तर कायम रहनेछ भन्ने कम्पनीको व्यवस्थापनको धारणा रहेको छ ।

कम्पनीको चालु आर्थिक वर्ष २०७५/७६ को तेश्रो त्रैमासिक अवधिमा भएको शेयर कारोवारको विवरण (नेपाल स्टक एक्स्चेन्ज लि. को वेवसाइट अनुसार) निम्नबमोजिम रहेको छ :

| शेयरको अधिकतम मूल्य | शेयरको न्युनतम मुल्य | शेयरको अन्तिम मूल्य | कारोवार भएको जम्मा दिन | शेयर कारोवार संख्या |
|---|---|---|---|---|
| रु. ५२०।- | रु. ४२०।- | रु. ४६०।- | ६० | २,८९,५६४ |

**५. समस्या तथा चुनौती** :

जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन्:

- नेपालका सम्पूर्ण भूभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भइरहेको भएतापनि देशको बिकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानससमा जीवन बीमा जनचेतनाको कमी रहनु ।
- जीवन बीमा विषयमा अध्ययन/अध्यापनको आवश्यकता अनुरुप विस्तार हुन नसकिरहेको अवस्था ।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास हुन थप प्रयाश आवश्यक रहेको अवस्था ।
- बीमा वजारमा क्रियाशिल अभिकर्ताहरु पूर्ण व्यवसायिक र पेशागत हुन नसकेको अवस्था ।

बीमा क्षेत्रमा रहेका उल्लेखित समस्या तथा चुनौतीहरुलाई सामना गर्दै नविनतम, उच्चस्तरीय र आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गरि संस्थागत कुशल व्यवस्थापन तथा पारदर्शिता जस्ता नीतिहरु अवलम्बन गरी बीमा शिक्षा तथा सचेतना कार्यक्रमहरुलाई समेत व्यवसाय विस्तारमा प्रयोग गर्दै नेपाल राज्यभर विस्तारित कार्यालय सञ्जालहरुको माध्यमबाट व्यवसायिक लक्ष्य हासिल गर्न कम्पनी अनवरत प्रयासरत छ ।

**६. संस्थागत सुशासन**:

विद्यमान ऐनकानुन तथा नियमन निकायबाट लागू गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरि लागू गरेका विभिन्न नीतिनियमहरु बमोजिम कार्यसम्पादन गरि कम्पनीका सञ्चालक एवं व्यवस्थापनका व्यक्तिहरु रहने गरि लेखापरीक्षण समिति, लगानी समिति, मानव संशाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति र आवश्यकतानुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामुहिक रुपमा निर्णयहरु गरि जोखिमलाई कमी गर्ने, स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरीक्षण गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना गरिआएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।